# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईंको आफ्नै बैंक

**सिंहदरबारप्लाजा, काठमाडौं**

## वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०७८/०९/०८ गते)**

यस बैंकको सञ्चालक समितिको मिति २०७८/०९/०७ गते बसेको २५१७औं बैठकको निर्णयानुसार बैंकको **१६औं वार्षिक साधारण सभा** निम्न मिति, समय र स्थानमा निम्न विषयहरूमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी एवं उपस्थितिका लागि यो सूचना प्रकाशन गरिएको छ।

**(क) साधारण सभा हुने मिति, समय र स्थान :**

**मिति :** २०७८/०९/२९ गते, बिहिबार।

**समय :** दिनको २:०० बजे।

**स्थान :** दरबारमार्ग स्थित राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको सभाहल।

**(ख) छलफलका विषयहरू :**

**(अ) साधारण प्रस्तावहरू**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने बैंकको आ.व.२०७७/७८ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।

(२) लेखापरीक्षण प्रतिवेदन सहितको २०७८ आषाढ मसान्तको वित्तीय स्थितिको विवरण र मिति २०७७/०४/०१ देखि २०७८/०३/३१ सम्मको नाफा नोक्सान हिसाब विवरण तथा सोही अवधिको नगद प्रवाह विवरण, शेयरधनी कोष परिवर्तनको विवरण लगायतका वित्तीय विवरणहरू उपर छलफल गरी पारित गर्ने।

(३) सञ्चालक समितिले प्रस्ताव गरे अनुरूप बैंकको २०७८ आषाढ मसान्तमा कायम रहेको चुक्ता शेयर पूंजी रू. ९,१८,४८,९१,६१४।- को ३ (तीन) प्रतिशतका दरले हुन आउने रकम रू.२७,५५,४६,७४९।- (अक्षरेपी सत्ताईस करोड पचपन्न लाख छयालिस हजार सात सय उनन्चास मात्र।) (कर प्रयोजनको लागि समेत) नगद लाभांश वितरण गर्न स्वीकृति प्रदान गर्ने।

(४) आ. व. २०७८/०७९ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने तथा निजहरूको पारिश्रमिक निर्धारण गर्ने।

**(आ) विशेष प्रस्तावहरू:**

(१) बैंकको पुँजी वृद्धि गर्ने।

(२) बैंकका शेयरधनीहरूलाई २०७८ आषाढ मसान्तमा कायम रहेको चुक्ता शेयर पुँजी रु. ९,१८,४८,९१,६१४।- को ३० (तीस) प्रतिशतको दरले हुन आउने रु.२,७५,५४,६७,४८५।- (अक्षेरूपी रु. दुई अर्ब पचहत्तर करोड चौवन्न लाख सत्सठ्ठी हजार चार सय पचासी मात्र।) बोनस शेयर (लाभांश) प्रदान गर्ने सञ्चालक समितिको प्रस्ताव पारित गर्ने।

(३) नेपाल सरकारबाट यस बैंकको शेयर पुँजीमा लगानी बापत प्राप्त रकम नेपाल सरकार, अर्थ मन्त्रालयको नाममा शेयर कायम गर्ने।

(४) सञ्चालक समितिको भत्ता एवं सुविधा वृद्धि गर्ने।

(५) विशेष प्रस्ताव नं. १, २, ३ र ४ बमोजिमका निर्णयहरू कार्यान्वयन गर्न बैंकको प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्ने तथा सो सम्बन्धमा नेपाल राष्ट्र बैंक तथा अन्य नियामक निकायबाट कुनै संशोधन, परिमार्जन तथा निर्देशन भएमा सो बमोजिम परिमार्जन गर्न सक्ने अख्तियारी बैंकको सञ्चालक समितिलाई प्रदान गर्ने।

**(इ) विविध**

## साधारण सभा सम्बन्धी अन्य जानकारी

१. वार्षिक साधारण सभा प्रयोजनको निमित्त मिति २०७८/०९/१९ गते शेयरधनी दर्ता पुस्तिका बन्द (Book Close) रहनेछ। नेपाल स्टक एक्सचेन्ज लि.मा मिति २०७८/०९/१८ गतेसम्म कारोबार भई नियमानुसार शेयर नामसारी भएका शेयरधनीहरूले मात्र यस साधारण सभामा सहभागी हुन तथा आ.व. २०७७/०७८ को लाभांश पाउन योग्य हुनेछन्।

२. साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरूले शेयर प्रमाणपत्र वा हितग्राही नं. तथा आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपि अनिवार्य रूपमा साथमा लिई आउनुहुन अनुरोध छ।

३. शेयरधनी महानुभावहरूको उपस्थिति पुस्तिकामा दस्तखत गर्न शेयरधनी उपस्थिति पुस्तिका साधारण सभा हुने दिन दिउँसो १२:०० बजेदेखि १:०० बजेसम्म खुल्ला गरिनेछ।

४. साधारणसभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधि पत्र (प्रोक्सी) फाराम भरी सभा सुरु हुनुभन्दा कम्तीमा ७२ घन्टा अगाडि बैंकको केन्द्रीय कार्यालयस्थित सञ्चालक समितिको सचिवालयमा दर्ता गराई सक्नुपर्नेछ। बैंकको शेयरधनी बाहेक अरूलाई प्रोक्सी दिन र एकभन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी तथा अन्य कुनै किसिमबाट छुट्याई प्रोक्सी दिन पाइने छैन, यसरी दिइएको प्रोक्सी सबै बदर हुनेछन्।

५. एकजना शेयरधनीले एकभन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ। तर प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनीले प्रतिनिधि फेरबदल गर्न चाहेमा यस अघि दिएको प्रतिनिधि पत्र (प्रोक्सी) बदर गरी यो प्रतिनिधि पत्र (प्रोक्सी) लाई मान्यता दिइयोस् भन्ने छुट्टै पत्र सहित प्रोक्सी फाराम कम्पनीको केन्द्रीय कार्यालयमा सभा सुरु हुनु भन्दा ७२ घन्टा अगावै दर्ता गराएको अवस्थामा अघिल्लो प्रतिनिधिलाई स्वतः बदर भएको मानि पछिल्लो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिइनेछ।

६. प्रतिनिधि नियुक्त गरिसकेको शेयरधनी आफैं सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा निजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ।

७. दफा ३ र ४ मा उल्लेखित दिन कुनै सार्वजनिक बिदा पर्न गएमा पनि सो दफाहरूमा उल्लेखित प्रयोजनको निमित्त कम्पनी कार्यालय खुल्ला रहनेछ।

८. एकभन्दा बढी व्यक्तिहरूको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्नेछ।

९. नाबालक वा मानसिक सन्तुलन ठीक नरहेको शेयरधनीहरूको तर्फबाट कम्पनीको शेयर दर्ता किताबमा संरक्षकको रूपमा नाम दर्ता भइसकेका महानुभावहरूले सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधि तोक्न सक्नु हुनेछ।

१०. संगठित संस्थाका शेयरधनी भएमा त्यस्ता संगठित संस्थाद्वारा मनोनित व्यक्तिले ल्याउने गरी प्रोक्सी फाराम संस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत हुनुपर्नेछ।

११. साधारण सभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र बैंकको केन्द्रीय कार्यालयस्थित सञ्चालक समितिको सचिवालयमा सम्पर्क राख्न अनुरोध गरिन्छ। साथै अन्य जानकारीका लागि बैंकको वेबसाइट **www.rbb.com.np** मा हेर्न सकिनेछ।

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**